# मर्चवारी गाउँपालिका

## स्थानीय राजपत्र

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति: | २०७९/०८/२० |

# दाउरा वितरण तथा व्यवस्थापन कार्यविधि-२०७९

## मर्चवारी गाउँपालिका

## दाउरा वितरण तथा व्यवस्थापन कार्यविधि -२०७९

**प्रस्तावना :**

गाउँपालिकाबाट गर्नुपर्ने दाउरा वितरण कार्यलाई नियमित, व्यवस्थित तथा पारदर्शी बनाउने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वान्छनीय भएकोले,

मर्चवारी गाउँकार्यपालिकाले मर्चवारी गाउँपालिकाको दाउरा वितरण तथा व्यवस्थापन कार्यविधि- २०७९ बनाई लागू गरिएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ:

(१) यस कार्यविधिको नाम **दाउरा वितरण तथा व्यवस्थापन कार्यविधि, २०७९** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा र व्याख्या :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) "गाउँपालिका" भन्नाले मर्चवारी गाउँपालिका सम्झनुपर्दछ ।

ख) "गाउँकार्यपालिका" भन्नाले मर्चवारी गाउँकार्यपालिका सम्झनुपर्दछ ।

ग) "अध्यक्ष" भन्नाले यस गाउँकार्यपालिकाको प्रमुख सम्झनुपर्दछ ।

घ) "उपाध्यक्ष" भन्नाले यस गाउँकार्यपालिकाको उपप्रमुख सम्झनुपर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस गाउँकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

च) "सहायता" भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने दाउरा वितरण सहायता सम्झनुपर्दछ ।

छ) "वडा समिति" भन्नाले गाउँकार्यपालिकाको वडा समिति सम्झनुपर्दछ ।

ज) "सभा " भन्नाले यस गाउँपालिकाको गाउँसभा सम्झनुपर्दछ ।

**३. दाउरा प्राप्त गर्ने लक्षित वर्ग तथा क्षेत्रहरु**

यस गाउँपालिका भरिमा मृत्यु पश्चात दाहसंस्कार गर्नका लागि तथा जाडोयाममा शीतलहरबाट बचाउनको लागि आवश्यकता अनुसार विपदमा परेका वा प्रभावित व्यक्तिहरुलाई लक्षित गरि देहायबमोजिम दाउरा वितरण गरिने छ ।

**४. दाउरा वितरण वितरण प्रक्रिया :**

गाउँपालिका भरिमा मृत्यु भएका व्यक्तिहरुको लास जलाउनको लागि बढीमा ४ क्विन्टल दाउरा उपलब्ध गराउने साथै शीतलहरको समयमा आगो बाल्न आवश्यकता अनुसार दाउरा यस विपद व्यवस्थापन शाखाबाट उपलब्ध गराइने छ ।

**५. प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) यस गाउँकार्यपालिकाको कार्यालयबाट त्रैमासिक रुपमा वितरण भएका दाउराको एकमुष्ट विवरण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको बैठकमा पेश गरी स्वीकृत गराउनुपर्नेछ ।

२) उक्त प्रतिवेदनमा आवश्यक ठहरिएमा गाउँकार्यपालिकाले वितरण गरेको दाउरा सहि सदुपयोग भएनभएको सम्बन्धमा स्थलगत अनुगमन प्रतिवेदन समेत राख्न आवश्यक निर्देशन गर्न सक्नेछन ।

**६. दाउरा वितरण पूर्वसर्त :**

यस कार्यविधि बमोजिम तोकिएको दाउरा उपलब्ध हुने व्यक्तिले सम्बन्धि शाखाको पदाधिकारीलाई जानकारी गराई उक्त पदाधिकारीको आदेश अनुसार सम्बन्धित ठाँउबाट भरपाई गराई उपलब्ध गराईने छ ।

**७.प्राप्त दाउरा तोकिएको प्रयोजनमा खर्च गर्नुपर्ने :**

गाउँपालिकाबाट जुन प्रयोजनका लागि जे जति दाउरा प्राप्त गरेको हो सोहि प्रयोजनका लागि प्रयोग गरेको हुनुपर्नेछ ।

मया प्रसाद [illegible]
अध्यक्ष

**८. भुक्तानी प्रक्रिया-**

- दाउरा बुझेको भरपाई
- नागरिकता फोटो कपी
- वडा कार्यालय को सिफारिस
- विपद व्यवस्थापन समिति वाट अनुमोदन

**९. स्थलगत अनुगमन समिति :**

यस गाउँपालिकाबाट वितरण भएका दाउराको प्रभावकारी उपयोग सम्बन्धमा स्थलगत रुपमा अध्ययन अवलोकन गरी गाउँकार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्न देहायको एक समिति रहनेछ ।

क) विपद व्यवस्थापन समिति प्रमुख - संयोजक
ख) गाउँपालिका उपाध्यक्ष - सदस्य
ग) सम्बन्धीत वडाको वडा अध्यक्ष - सदस्य
घ) विपद व्यवस्थापन समितिको सदस्य सचिव - सदस्य

**१०. यसै कार्यविधि बमोजिम भए गरेको मानिने :**

यसअघि यस गाउँपालिकाबाट प्रदान गरिएका विपद वा आर्थिक रुपबाट वितरण गरिएका दाउराहरू समेत यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**११. कार्यविधिको व्याख्या संशोधन तथा अनुसूची थपघट :**

यस कार्यविधिको आवश्यक व्याख्या, संशोधन तथा अनुसूची थपघट गाउँकार्यपालिकाले गर्नेछ ।

मया प्रसाद दराई
अध्यक्ष